२०७५ साल कात्तिक ८ गते बिहीबारका दिन बसेको मन्त्रिपरिषद्को १७ औं बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छनः

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने ।

२. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं.५, प्रदेश प्रसारणसम्बन्धी कानूनी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने ।

३. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं.५, अन्तर प्रदेश वासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने ।

४. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं.५, प्रदेश मामिला सूचना केन्द्र संचालन निर्देशिका, २०७५ स्वीकृत गर्ने ।

५. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** प्रदेश नं.५, प्रदेश विकास प्राधिकरण सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने ।

६. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** प्रदेश नं.५, प्रादेशिक भवन निर्माण कार्यलाई व्यवस्थित गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने ।

७. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** प्रदेश नं.५, प्रदेश सवारी तथा यातायात व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने ।

८. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** प्रदेश नं.५, प्रादेशिक लोकमार्ग निर्माण एवम् व्यवस्थापन गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने ।

९. **सामाजिक विकास मन्त्रालयः** प्रदेश नं.५, प्रादेशिक सम्पदा संरक्षणसम्बन्धी व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने ।

१०. **सामाजिक विकास मन्त्रालयः** "विद्यालयको लागि मेरो एक दिन" अभियान संचालन गर्न स्वीकृती प्रदान गर्ने ।

११. **सामाजिक विकास मन्त्रालयः** प्रदेश नं.५, प्रदेश सामाजिक सुरक्षासम्बन्धी व्यवस्था गर्न बन्ने विधेयकको अवधारणापत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने ।

१२. **सामाजिक विकास मन्त्रालयः** प्रदेश नं.५ का बालबालिकाको अधिकारसम्बन्धी व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने ।

१३. **सामाजिक विकास मन्त्रालयः** प्रदेश नं.५, प्रदेश स्वयम्सेवक परिचालनसम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

१४. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः** प्रदेश नं.५, प्रदेश पशु वधशाला र मासु जाँच गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने ।

१५. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः** प्रदेश नं.५, प्रदेश पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने ।